प्रदेश सरकार
लुम्बिनी प्रदेश
आर्थिक मामिला तथा सहकारी मन्त्रालय
# प्रदेश लेखा नियन्त्रक कार्यालय

पत्र संख्या ०७८/७९
चलानी नम्बर ९४४

मुकाम : बुटवल,नेपाल
☎ ०७१-५३००४४, ५३०११४
Email: stco5@fcgo.gov.np

मिति :-२०७९-०२-२५

विषय:- आर्थिक वर्ष २०७८/७९ को भुक्तानी निकासा बन्द तथा आन्तरिक लेखापरीक्षण सम्बन्धमा ।

श्री सबै प्रदेश मन्त्रालय, सचिवालय तथा कार्यालयहरु
लुम्बिनी प्रदेश ।

प्रस्तुत विषयमा आर्थिक वर्ष २०७८/७९ को भुक्तानी निकासा बन्द तथा आन्तरिक लेखापरीक्षण सम्बन्धमा निम्नानुसार गर्नु हुन अनुरोध छ ।साथै मातहतका निकायहरुलाई समेत निम्नलिखित व्यहोरा जानकारी गराई सोही अनुसार कार्यान्वयन गराउनुहुन अनुरोध छ ।

१. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३० को उपनियम ७ मा प्रदेशको विनियोजन ऐनले फ्रिज नहुने भनी तोकेको खर्च शिर्षक बाहेक अन्य बजेट शीर्षक अन्तर्गत पर्ने भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष समास हुनुभन्दा सात दिन अगाडी भुक्तानी दिइ लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था छ । सो अनुसार चालु आ.व. २०७८/७९ को विनियोजन तर्फको भुक्तानी दिनुपर्ने सबै रकमको CGAS बाट भुक्तानी आदेश तयार गरी तथा स्वीकृत गरी सो को Hard Copy समेत २०७९ असार २४ गते कार्यालय समय भित्र यस कार्यालयमा पठाउनुहुन अनुरोध छ ।
२. **विगत वर्षहरुमा र गत आ.व.२०७७/७८ को लागि मात्र नेपाल सरकार (मन्त्रिपरिषद्) बाट निर्णय भए अनुसार आर्थिक वर्षको अन्तिम हप्तामा समेत बिल भर्पाई जाँच गरी अति आवश्यक रकम भुक्तानी हुने गरेकोमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली २०७७ मा भएको व्यवस्था अनुसार चालु आ.व.मा २०७९ असार २४ पछी यस प्रकारका कुनै पनि रकम भुक्तानी नहुने व्यहोरा अनुरोध छ ।**
३. हाल कतिपय निकायबाट CGAS बाट भुक्तानी आदेश पठाउने तर Hard Copy नपठाउने तथा Hard Copy पठाउने तर कार्यालय प्रमुखको User Id बाट Approve नगर्ने गरेको कारण भुक्तानी निकासा गर्न नसकिएकोले जुन जुन कार्यालयको त्यस्तो भएको छ ती कार्यालयले फरफारक गर्नुहुन अनुरोध छ । साथै उल्लेखित कारणले कुनै रकम भुक्तानी हुन नसकेमा यस कार्यालय जवाफदेही नहुने ब्यहोरा अनुरोध छ ।
४. हाल कतिपय निकायबाट भुक्तानी निकासा माग गर्दा भुक्तानी पाउनेको नाम, खाता नम्बर फरक परेको तथा अन्य विविध प्राविधिक कारणले EFT असफल हुने गरेको छ। आर्थिक वर्षको अन्तिम समयमा हुने भुक्तानीमा यस्ता कारणबाट EFT असफल भएमा सच्याउन नसकिने भएकोले सो तर्फ समेत ध्यान दिइ भुक्तानी आदेश पठाउनुहुन अनुरोध छ ।कुनै कारणले EFT असफल भएमा यस कार्यालय जवाफदेही हुने छैन ।साथै हाल सम्म EFT असफल भएका कारोबारको हिसाब मिलान गर्न Refund को लागि यथाशिघ्र पत्र पठाउनुहुन अनुरोध छ ।

प्रदेश लेखा नियन्त्रक

प्रदेश सरकार
लुम्बिनी प्रदेश
आर्थिक मामिला तथा सहकारी मन्त्रालय
# प्रदेश लेखा नियन्त्रक कार्यालय

५. हाल कतिपय निकायले विनियोजित बजेट भन्दा बढी भुक्तानी माग गर्ने गरेको कारण भुक्तानी आदेश अस्वीकृत गर्नुपरेको छ ।एउटा भुक्तानी आदेशमा पठाएको कुनै खर्च शिर्षकमा तथा क्रियाकलापमा बजेट नपुग भएमा उक्त भुक्तानी आदेशका सबै रकम अस्वीकृत हुने भएकोले भुक्तानी माग गर्दा अनिवार्य रुपमा स्वीकृत बजेटको सिमा भित्र रहेर मात्र माग गर्नुहुन अनुरोध छ ।साथै यस भन्दा पहिले कुनै खर्च शिर्षक तथा क्रियाकलापमा स्वीकृत रकम भन्दा बढी खर्च भएको भए प्र.ले.नि.का को फाँटवारी सँग भिडान गरी समायोजन गर्नुहुन अनुरोध छ ।

६. कतिपय निकायहरुले हालसम्म पनि धरौटी र विविध तर्फका कारोबारको आम्दानी रकमको आम्दानी जनाउन आम्दानी आदेश नपठाएको हुँदा ती निकायहरुले ७ दिन भित्र सो कार्य गर्नुहुन अनुरोध छ। साथै भुक्तानी पाउनेको नाम, खाता नम्बर नमिलेको वा अन्य कुनै कारणले धरौटी तथा विविध तर्फको EFT असफल भएको कारण पुन भुक्तानी गर्ने प्रयोजनको लागि CGAS मा दोहोरो आम्दानी र खर्च जनाएको भए आम्दानी र खर्च दुवैमा समायोजन गोश्वरा भौचर उठाई हिसाब मिलान गरी प्रदेश लेखा नियन्त्रक कार्यालय/प्रदेश लेखा इकाइ कार्यालयसँग फाँटवारी भिडाई हिसाब अद्यावधिक गर्नुहुन अनुरोध छ ।

७. सरकारी चेकको भुक्तानी हुने म्याद १५ दिन भएकोले संभव भएसम्म सबै चेक चालु आर्थिक वर्ष भित्रै र नभए चेक जारी भएको मितिले १५ दिन भित्र अनिवार्य चेक सटही गर्नुहुन अनुरोध छ ।

८. कुनै कारणले चालु आ.व.मा जारी भएको चेक नसाटीएमा वा विद्युतीय भुक्तानी असफल भएमा सम्बन्धित कार्यालयले साउन २१ गते भित्र भुक्तानी आदेश सहित निकासा खर्च समायोजनको लागि यस कार्यालयमा पठाउनुहुन र समायोजन पश्चात निकासा खर्च घटाइसकेपछि बार्षिक आर्थिक विवरण तयार गरी प्रमाणित गर्न यस कार्यालयमा पठाउनुहुन अनुरोध छ ।

९. आर्थिक वर्षको अन्त्यमा कामको चाप बढी हुने हुँदा तहाँबाट पठाइएका सबै भुक्तानी आदेश बमोजिम भुक्तानी भए नभएको जाँच गरी भुक्तानी हुन छुटेको भए माथि उल्लेखित समयभित्र नै यस कार्यालयमा सम्पर्क गरी भुक्तानी गराउनु हुन अनुरोध छ ।

१०.आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को उपनियम १५ मा उल्लेखित शिर्षकमा भुक्तानी दिन बाँकी रहेमा सो को विवरण तोकिएबमोजिमको ढाँचामा साउन ७ गते भित्र यस कार्यालयमा पठाउनुहुन अनुरोध छ ।

११.आर्थिक वर्ष २०७८/७९ को असार मसान्त सम्मको विनियोजन, राजस्व धरौटी र विविध तर्फका सबै श्रेस्ता तथा मासिक फाँटवारीहरु तयार गरी आन्तरीक लेखापरीक्षणको लागि सम्पुर्ण तयारी गर्ने आन्तरीक लेखा परीक्षक आन्तरीक लेखा परीक्षण गर्न आउँदा अनिवार्य रुपमा आन्तरीक लेखापरीक्षण गराउने ।

१२. जिन्सी तर्फका सबै कारोबार PAMS(Public Assets Management System) मा अनिवार्य प्रविष्टी गरी सोही अनुसार जिन्सी प्रतिवेदन तयार गर्नुहुन अनुरोध छ ।

दीपक ज्ञवाली
प्रदेश लेखा नियन्त्रक

बोधार्थ तथा कार्यार्थ:-
श्री प्रदेश लेखा इकाइ कार्यालय सबै लुम्बिनी प्रदेश